जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८२ फागुन १८ गते

निर्वाचन प्रक्रियाको स्वच्छता, निष्पक्षता र विश्वसनीयताका लागि मौन अविधको पालना

प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न सम्बन्धित सबै पक्षसँग इन्सेक गम्भीर ध्यानाकर्षण गराउँदछ ।

नवयुवा पुस्ताको प्रदर्शनपश्चात विघटन गरिएको प्रतिनिधिसभाको निर्वाचन विशेष राजनीतिक परिस्थितिमा हुन लागेको छ । फागुन १८ गते मध्यरातदेखि लागू हुने मौन अवधिलाई हामीले अत्यन्त संवेदनशील समयका रूपमा लिएको छौं । विगतका निर्वाचनहरूको अनुगमन अनुभवका आधारमा मौन अवधिमा मतदातालाई प्रभावमा पार्ने, आर्थिक प्रलोभन दिने, दुष्प्रचार गर्ने तथा अन्य आचारसंहिता विपरीत गतिविधि बढ्न सक्ने जोखिम रहने देखिएको छ। त्यसैले सो अवधिसहित सम्पूर्ण निर्वाचन प्रक्रियाभर कडाइका साथ निगरानी र नियन्त्रण गर्न आग्रह गर्दछौं ।

अन्तरिम सरकारले तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न तयारी गर्नु सकारात्मक कदम हो। तथापि, निर्वाचन प्रक्रियाको स्वच्छता, निष्पक्षता र विश्वसनीयता अन्तिम परिणाम सार्वजनिक नहुँदासम्म सुनिश्चित गरिनु अपरिहार्य छ।

इन्सेकले २०४८ सालदेखि नेपालमा सम्पन्न विभिन्न निर्वाचनहरूको निरन्तर पर्यवेक्षण गर्दै आएको छ। यस निर्वाचनमा पनि देशभर २ सय ३२ जना पर्यवेक्षकमार्फत निर्वाचनपूर्व, निर्वाचनका दिन तथा निर्वाचनपश्चात अनुगमन गरिरहेको छ। निर्वाचनपूर्वको अनुगमनका क्रममा आचारसंहिता विपरीत गतिविधि, मतदातालाई आर्थिक प्रलोभन दिने प्रयास तथा द्वैध अर्थ लाग्ने अभिव्यक्तिजस्ता विषय अभिलेखीकरण गरिएको छ। यस्ता क्रियाकलापहरूले निर्वाचनको निष्पक्षता र विश्वसनीयतामा नकारात्मक प्रभाव पार्न सक्ने भएकाले सम्बन्धित निकायले प्रभावकारी हस्तक्षेप गर्न आवश्यक छ ।

विशेष परिस्थितिमा हुन लागेको यो निर्वाचन केवल प्रतिनिधि चयनको प्रक्रिया मात्र होइन; लोकतान्त्रिक अभ्यासप्रति जनविश्वास पुनःस्थापना गर्ने महत्वपूर्ण अवसर पनि हो। मतदाताले कुनै दबाब, त्रास वा प्रलोभनबिना स्वतन्त्र रूपमा मतदान गर्न पाउने अधिकारको संरक्षण राज्यको प्रमुख दायित्व हो। साथै, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला सबै पक्षले आचारसंहिताको पूर्ण पालना गर्दै निर्वाचनको गरिमा कायम राख्न जिम्मेवार र संयमित व्यवहार गर्नुपर्दछ।

स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन नै लोकतन्त्रको आधार हो भन्ने मान्यताका साथ इन्सेक सम्पूर्ण पक्षलाई संवेदनशील, जिम्मेवार र उत्तरदायी भूमिका निर्वाह गर्न आह्वान गर्दछ ।

विजयराज गौतम
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं,
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल,
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१,
Email: insec@insec.org.np
Web-site: www.insec.org.np, www.inseconline.org